# आन्तरिक विस्थापन सम्वन्धी
# जानकारी पुस्तिका

## मंसिर २०६५


**राष्ट्रिय मानवअधिकार आयोग**

हरिहरभवन, ललितपुर, नेपाल

**लेखन/सम्पादन/संयोजन**
उमा जोशी
नारायणप्रसाद सेढाईं
खिमानन्द बस्याल

**डिजाइन**
सुवोध पोखरेल

**प्रकाशकः**
राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर
पो.ब.न. १०७, काठमाडौं, नेपाल
फोनः ०१-५०१००१५ फ्याक्सः ००९७७-१-५५४७९७३
इमेलः nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

प्रकाशन मितिः मंसिर, २०६५
संस्करणः प्रथम
प्रतिः १५००
प्रतिवेदन न : ५३/१०४/२०६५ (के.का.)

सर्वाधिकारः राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

# मन्तव्य

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम संबैधानिक मान्यता प्राप्त यस राष्ट्रिय मानवअधिकार आयोगको प्रमुख जिम्मेवारी मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्नु हो । मानवअधिकारको सम्बर्द्धन गर्ने सिलसिलामा मानवअधिकारका विभिन्न सवालहरुमा विभिन्न जानकारी एवम् प्रतिवेदनहरु आयोगले समय समयमा प्रकाशन गर्दै आइरहेको छ । सोही अनुरुप यो आन्तरिक विस्थापित सम्बन्धि जानकारी पुस्तिका प्रकाशन गरिएको हो । यो प्रकाशनले आन्तरिक रुपमा विरुथापित भनेको के हो ? नेपालमा यसको अवस्था कस्तो छ ? विस्थापितहरुको के कस्ता अधिकारहरु रहेका छन् ? यस सम्बन्धि के कस्ता पहलहरु भएका छन् ? भन्ने सम्बन्धमा आम नागरिकमा जानकारी गराउन सक्ने छ भन्ने विश्वास लिइएको  छ ।

विगतमा भएको शसस्त्र द्वन्द्व, विभिन्न समयमा हुने गरेको प्राकृतिक प्रकोप तथा विकास निर्माण परियोजना लगायतका कारण आन्तरिक रुपमा विस्थापित हुनेहरुको संख्या नेपालमा दिन प्रतिदिन बढ्दै गइरहेको छ । २०६३ मंशिर ५ गते भएको विस्तृत शान्ति सम्झौता र २०६४ पुष ८ गते भएको २३ बुदे सम्झौता लगायतमा आन्तरिक विस्थापितलाई पुर्नस्थापना गर्ने,  कब्जा गरिएका घर सम्पत्ति फिर्ता गरिने प्रतिबद्धता जनाइसकेको अवस्था विद्यमान रहेको छ । तथापि यस विषयलाई शान्ति सम्झौताको हरेक चरणमा सम्बोधन गरिएतापनि हाल नेपालको सन्दर्भमा सशस्त्र द्वन्द्वका कारण आन्तरिक विस्थापितहरुको उचित व्यवस्थापन हुन नसकेको अवस्था अत्यन्त गम्भीर रुपमा रहेको छ । विगतमा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतिबाट पीडित आन्तरिक विस्थापितहरुको समस्या समाधानमा उल्लेख्य सफलता हुन सकेको देखिदैंन ।

आन्तरिक विस्थापनका कारण विशेष परिस्थितिमा रहेका वर्गको संरक्षणका लागि विशेष नीति तय हुनुपर्ने कुरालाई महसुस गरी संयुक्त राष्ट्रसंघीय आन्तरिक विस्थापन सम्बन्धि निर्देशक सिद्धान्त १९९८ को निर्माण गरिएको छ। राष्ट्रिय स्तरमा समेत आन्तरिक रुपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३ को निर्माण गरिएको छ। तर हालसम्म पनि यसको कार्यान्वयन भने हुन नसकेको अवस्था विद्यमान छ। तसर्थ, यस सन्दर्भमा विस्थापितहरुको अधिकार सुनिश्चितताको लागि यस क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी, गैरसरकारी निकाय, नागरिक समाज र पीडित स्वंमको सहकार्यको आवश्यकता टड्कारो रुपमा रहेको छ । यिनै आवश्यकतालाई महसुस गरी आन्तरिक विस्थापितको समस्या समाधानमा सम्पूर्ण निकायवाट आ-आफ्नो जिम्मेवारी वहन गरी अगाडि बढ्न आव्हान गर्दै यो प्रकाशन प्रस्तुत गरिएको छ ।

अन्त्यमा, यस प्रकाशनका लागि सहयोग पुऱ्याउनु हुने अधिकृत उमा जोशी, नारायणप्रसाद सेढाई, सुवोध पोखरेल, प्रशासकिय सहायक खिमानन्द बस्याल लगायत यस कार्यमा संलग्न आयोगका अन्य कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**डा. के.वी. रोकाया**
**सदस्य**
**राष्ट्रिय मानवअधिकार आयोग**

# पृष्ठभुमी

आफ्नो स्थायी बसोवासको ठाउँ छाडी अर्को ठाउँमा बसाई सर्नेहरूको सङ्ख्या प्रत्येक वर्ष विश्वमा बढ्दै गइरहेको छ । यी मध्ये केही राम्रो अवसरको खोजीमा स्वच्छाले सर्दछन् जसलाई स्वेच्छिक बसाई सराई (Voluntary Migration) भनिन्छ साथै यसलाई आर्थिक प्रवासीको रुपमा लिइन्छ भने केही युद्ध, आन्तरिक द्वन्द्व, सशस्त्र द्वन्द्व, जातीय हिंसा, प्राकृतिक विपत्ति एवम् वातावरणीय प्रतिकूलताको कारण बाध्यतावश बसाई सराई (Forced Migration) गर्दछन् । उल्लेखित कारणले आफ्नै मुलुकको सीमाभित्र बसाई सराई गर्नुलाई आन्तरिक विस्थापन (Internal Displacement) भनिन्छ। विश्वको तथ्याङ्क अनुसार सन् १९७० मा विश्वमा आन्तरिक रुपमा विस्थापित हुनेहरूको सङ्ख्या साठी लाख रहेको थियो भने सन् २००२ मा यो सङ्ख्या बढेर दुई करोड पचास लाख पुगेको छ। मूलतः आन्तरिक द्वन्द्वको कारण यस किसिमले सङ्ख्यामा बढोत्तरी भएको देखिन्छ । नेपालमा नेकपा माओवादीले वि.स. २०५२ बाट शुरु भएको सशस्त्र द्वन्द्वको कारण विस्थापित हुनेहरूको सङ्ख्या बढ्न गएको देखिन्छ ।



आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू आफ्नो विस्थापनको अवस्थाले सबै प्रकारका असहज परिस्थितिबाट गुज्रन बाध्य भैरहेका छन्। उनीहरू चाहे आवासका लागि होस, चाहे संरक्षित शिविरमा आश्रयका लागि होस्, वा आफैले निर्माण गरी बसेको अस्थायी आश्रय स्थलमा होस्, सधैं बिभिन्न किसिमबाट असुरक्षित महसुश गरिरहेका हुन्छन् । आन्तरिक विस्थापनमा परेका व्यक्तिहरू विरुद्ध हुने

ज्यादतीहरूमा हत्या, यातना, बलात्कार, यौनजन्य आक्रमण (Sexual Assault), अपहरण, जवरजस्ती सैन्य भर्ती जस्ता कार्य रहेका पाइन्छन् । त्यसमध्ये पनि महिला, बालबालिका र



बृद्धबृद्धाहरूको अवस्था झनै सोचनीय रहेको पाइन्छ । बिभिन्न प्रतिकूल परि स्थितीले गर्दा मानवअधिकार संरक्षण र सम्वर्द्धनको लागि सहयोगी निकायहरूले विस्थापितहरू माथि हुने ज्यादतीको प्रलेखीकरण गर्न एवम् रोकथामको लागि कुनै प्रभावकारी कार्य गर्न सकेका छैनन् । तापनि विस्थापितहरूको संरक्षण गर्ने विषय नै मानवअधिकार तथा मानवीय कानुनहरूको प्रमुख चासोको विषय हुनुपर्ने परिस्थिती सिर्जना भएको छ ।

## आन्तरिक विस्थापनको परिभाषा

कुनै बाध्यता वा अत्यावश्यक भएर आफ्नो घरवास तथा गाँसबासको स्थान छाड्न पुगेका तर आफ्नो राज्यको सीमा पार नगरेका व्यक्तिहरुको समूहलाई आन्तरिक रुपमा विस्थापित भनिन्छ ।

संयुक्त राष्ट्रसंघीय आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्त अनुसार "आन्तरिक रुपले विस्थापित व्यक्तिहरू भन्नाले त्यस्ता व्यक्ति वा समूहलाई बुझाउँछ, जो तिनीहरूको घरबार तथा हालसालै बसिरहेको स्थानलाई छाडेर कुनै विशेष परिस्थितिका कारणले वा शसस्त्र द्वन्द्वबाट हुने प्रभावबाट मुक्त हुनका लागि हिंसाको सामान्यीकरण भएको अवस्था, मानवअधिकारको उल्लङ्घन वा प्राकृतिक र मानवीय प्रकोपहरूको कारणले पलायन भएका व्यक्तिहरूलाई बुझाउँछ ।"

त्यसैगरी आन्तरिक रुपमा विस्थापित व्यक्ति सम्बन्धी राष्ट्रिय नीति २०६३ ले "आन्तरिक रुपमा विस्थापित व्यक्ति भन्नाले सशस्त्र द्वन्द्व वा हिंसाको स्थिति वा मानवअधिकारको गम्भीर उल्लङ्घन वा प्राकृतिक विपद् वा मानव सिर्जित विपत्ति एवं अवस्थाको परिणाम स्वरुप वा त्यस्तो अवस्थाको असरबाट बच्ने अभिप्रायले आफ्नो घरबास वा बसोबास गर्दै आएको थातथलो छाडी पलायन हुन वा छाडन बाध्य भई मुलुक भित्रै अन्य स्थानमा बसोबास गरेका व्यक्तिलाई सम्झनु पर्छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनले स्वच्छिक विस्थापनको अधिकारलाई संरक्षण दिएको छ तर विस्थापन सधैं स्वच्छिक हुँदैन । तसर्थः यसलाई निषेधित गर्नुपर्छ भन्ने विषयमा आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तले बोलेको छ । कतिपय अवस्थामा सशस्त्र द्वन्द्व, मानवअधिकार उल्लङ्घन, प्राकृतिक तथा मानवजन्य प्रकोपका कारण समेत विस्थापनको निर्णय लिनुपर्ने अवस्था सृजना हुन सक्दछ । संयुक्त राष्ट्रसंघीय आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तले निम्न लिखित अवस्थाको जवरजस्ती विस्थापनलाई निषेधित गरेको छ ।

- **सशस्त्र द्वन्द्व, सामान्य हिंसा, मानवअधिकार उल्लङ्घन** : लुटपाट, धनसम्पत्ति नष्ट, निर्मम यातना, धम्की, हत्याको भय, आफन्तको हत्या तथा अपहरण, जवरजस्ती, सैन्य भर्ना, जातीय संघर्ष, राजनीतिक विद्रोह आदि ।
- **प्राकृतिक प्रकोपः** बाढीपहिरो भूकम्प, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण आफ्नो धनसम्पत्ति गुमाउन पुगेको कारणबाट विस्थापित ।
- **विकास निर्माण परियोजनाः** राज्यद्वारा संचालित विकास निर्माण परियोजनाका कारण व्यक्तिको सम्पत्ति अधिग्रहण गरिएबाट सम्पत्ति गुमाउन पुगेका र त्यस्तो समयमा उचित क्षतिपूर्ति प्राप्त नगरेबाट बसोबासको व्यवस्था गर्न कठिनाइमा परेका व्यक्तिहरू ।

# आन्तरिक रुपमा विस्थापितहरूको अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय संयन्त्रहरू

सन् १९८० को दशकमा बिभिन्न देशहरूबाट धेरै सङ्ख्यामा व्यक्तिहरू सशस्त्र द्वन्द्वबाट सिर्जित डर, त्रास, मानवअधिकार उल्लङ्घनका घटनाहरूको कारण विस्थापित हुन पुगे । विस्थापित भएका कारण उनीहरू आफ्नो अधिकारको उपभोगबाट वञ्चित हुनुका साथै मानवअधिकार हनन्को परिस्थितिमा पुगे । जसको कारण १९९० मा आएर आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय रूपमा संरक्षणको आवश्यकता महसुस गरियो । यस सन्दर्भमा आन्तरिक विस्थापितहरूले देशका अन्य नागरिकले प्राप्त गरे सरह राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा प्रदत्त अधिकारको उपभोग गर्न पाउनु पर्ने विषयमा छलफलहरू अगाडि बढाए । आन्तरिक विस्थापनका कारण विशेष परिस्थितिमा रहेका वर्गको संरक्षणका लागि विशेष नीति तय हुनुपर्ने कुरालाई महसुस गरी संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको निर्देशनमा फ्रान्सिस डेगको नेतृत्वमा अन्तर्राष्ट्रिय कानुनविद्को टोलीले संयुक्त राष्ट्रसंघीय आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तको निर्माण गरेको हो । यसलाई १९९८ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगमा पेश गरिएको थियो । जसमा ३० वटा सिद्धान्तहरू रहेका छन् ।



निर्देशक सिद्धान्तहरू राज्यद्वारा विकसित, हस्ताक्षरित तथा अनुमोदन नगरिए तापनि यसले अन्तर्राष्ट्रिय मानवअधिकार कानुन, अन्तर्राष्ट्रिय मानवीय कानुन र अन्तर्राष्ट्रिय शरणार्थी सम्बन्धी कानुनको क्षेत्रमा अन्तर्राष्ट्रिय कानुनको रुपमा उल्लेखित व्यवस्थालाई प्रतिविम्वित गर्दछ । मानवअधिकार कानुन भन्नाले सामान्य तथा विशेष मानवअधिकारलाई सम्बोधन गरेको दस्तावेजलाई बुझाउँछ । हालसम्म १९ ओटा अन्तर्राष्ट्रिय कानुनहरूको नेपालले अनुमोदन गरि सकेको छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र प्रमुख ६ वटा कानुनहरू निम्नानुसार रहेका छन् ।

- मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६
- आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६
- महिला बिरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९
- सबै किसिमका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५
- बाल अधिकार सम्बन्धि महासन्धि, १९८९
- यातना, अन्य क्रुर अमानविय अपमानजनक व्यवहार बा दण्ड विरुद्धको महासन्धि, १९८४

अन्तर्राष्ट्रिय मानवीय कानुन भन्नाले युद्ध तथा सशस्त्र द्वन्द्वको क्रममा लागू हुने कूनन हो, यस सम्बन्धमा चारवटा जेनेभा महासन्धी र थप दुईवटा स्वेच्छिक प्रतिज्ञापत्रले व्यवस्था गरेको छ । जेनेभा महासन्धिको मुख्य आशय निशस्त्र

व्यक्तिहरूलाई युद्धको प्रभावबाट अलग गरिनु पर्दछ भन्ने हो । चौथो जेनेभा महासन्धिले विस्थापनको संरक्षण सम्बन्धमा विशेष व्यवस्था गरेको छ । यसको धारा ४९ र दोस्रो स्वेच्छिक प्रतिज्ञापत्रको धारा १७ मा आन्तरिक विस्थापनको बारेमा केही प्रावधान उल्लेख गरेको छ ।

## नेपालमा आन्तरिक विस्थापनका कारणहरू

नेपालको सन्दर्भमा आन्तरिक विस्थापनको बारेमा चर्चा गर्दा विकास निर्माणका कारण हुने विस्थापन, प्राकृतिक प्रकोपबाट हुने विस्थापन, प्रारम्भिक चरणमा देखिए तापनि वि.स. २०५२ मा शुरु भएको सशस्त्र द्वन्द्वबाट प्रभावित भई हुने विस्थापनको सङ्ख्या अत्याधिक मात्रामा बढेको छ ।



सयौं नागरिकहरू अपहरण तथा बेपत्ता भएका छन् भने राष्ट्रिय मानवअधिकार आयोगमा मात्र करीब २५ सय व्यक्तिहरू अपहरण तथा वेपत्ता भएको सम्बन्धमा उजुरी पर्न आएको छ। द्वन्द्वका क्रममा सयौं व्यक्तिहरू अंगभंग भएका छन्। आफ्ना परिवार का सदस्यको मृत्युको पीडा र त्यसबाट सिर्जित त्रासबाट र अगभङ्ग तथा कुटपिटका कारण विस्थापित हुने लगायत घरमा तालाबन्दी, चन्दा माग, जवर जस्ती सैन्यभर्ना जस्ता समस्याबाट विस्थापित पीडितहरूलाई गाँसबास र जहान परिवार गुमाएको पीडा त छँदैछ भने अर्को तिर नयाँ स्थान, नयाँ समाजसँग, नयाँ परिवेशमा तात्कालीन राहत र पुनर्स्थापना बिना जीवन गुजारा गर्नु परेको दोहोरो

पीडा नेपालको सर्न्दभमा  मूल समस्या रहेको छ । बिभिन्न सङ्घसंस्थाहरूको अध्ययन प्रतिवेदन अनुसार यो सङ्ख्या दुई देखि साँढे दुईलाखसम्म रहेको अनुमान छ । आन्तरिक विस्थापन र यसका कारणहरूको बारेमा निम्नानुसार चर्चा गरिएको छ :

**नेपालमा निम्न लिखित कारणबाट नागरिकहरू आन्तरिक रूपमा विस्थापित हुने गरेको पाइन्छ :**

- वि.स. २०५२ सालदेखि नेपालमा शुरुभएको शसस्त्र द्वन्द्व र यसबाट सृजित दोहोरो भिडन्तको डर, त्रास, द्वन्द्वरत पक्षबाट हुने गरेको धम्की, हत्या, यातना आदिका कारणबाट,

- २०५७ साउन २ गते भएको कमैया उन्मुलन पश्चात निजहरूको उपयुक्त व्यवस्था नमिलाइएबाट गाँस, बाँस, कपासको समस्या भोग्न पुगेका व्यक्तिहरू,

- बिद्युत परियोजना, सडक निर्माण, सिंचाई, हवाइजहाज उडान स्थल निर्माण, राष्ट्रिय निकुन्जहरूको निर्माण, जलाधार व्यवस्थापन आदि परियोजना निर्माणका लागि जग्गा अधिग्रहणबाट,

- गाउँ/मानव बस्तीहरू भएको ठाउँमा सुरक्षाकर्मीहरूको व्यारेक स्थापना गरिएबाट,

- समय समयमा हुने बाढी, पहिरो, भूकम्प, डँढेलो जस्ता प्राकृतिक प्रकोपका कारणले आफ्नो वासस्थान, जग्गा जमिन, गुमाएका कारणबाट ।

# आन्तरिक रुपमा विस्थापितहरूको अधिकार सम्बन्धमा राष्ट्रिय संयन्त्रहरू

आन्तरिक रुपमा विस्थापितहरूको अधिकारको सम्बन्धमा नेपालमा छुट्टै ऐनको व्यवस्था गरिएको छैन तापनि नेपालको अन्तरिम संविधान, २०६३ भाग ३ मौलिक हक अन्तर्गतको धारा १३ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् र  कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भनी समानताको हकलाई संरक्षित गरेको छ। सोही धाराको प्रतिबन्धात्मक वाक्यांशमा विभिन्न परिस्थितिमा बिशेष संरक्षणको अधिकार सम्वन्धमा उल्लेख गरेको छ। धारा १२ (३)(ङ) मा सबै नागरिकलाई नेपालको कुनैपनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता हुनेछ भनी आवतजावत र बसोवासको अधिकारलाई सुनिश्चित गरेको छ भने धारा १९ मा सम्पतिको हकको व्यवस्था गरेको छ।

यस अन्तरिम संविधान, २०६३ को भाग ४ को राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरूको (द) मा सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूको पुनर्स्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त भएका संरचनाहरूको पुनर्निर्माण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ।

त्यस्तै नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले जीवन धान्ने उपाय र आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक धन तथा स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न वञ्चित नगरिने व्यवस्था रहेको। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, मानवअधिकारको बिश्वव्यापी घोषणापत्रमा उल्लेखित प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सिमानाभित्र स्वतन्त्रतापूर्वक विचरण तथा आवास रोज्न र बसोवास गर्न पाउने अधिकारको समेत व्यवस्था रहेको छ।

नेपालमा बढ्दै गइरहेको सशस्त्र द्वन्द्व लगायतका कारणबाट विस्थापितहरूको सङ्ख्या बढ्दै गइरहेको र उनीहरूको अधिकारको सम्बन्धमा विभिन्न क्षेत्रबाट

आवाज उठिरहेको बर्तमान अवस्थामा नेपाल सरकारबाट आन्तरिक रुपमा विस्थापित सम्बन्धी राष्ट्रिय नीति, २०६३ पारित भइसकेको छ ।

जनआन्दोलन २ को सफलता पश्चात नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको २५ बुँदे आचार संहिता लगायत २०६३ मंसीर ५ गते भएको विस्तृत शान्ति सम्झौता र २०६४ पुष ८ गते भएको २३ बुँदे सम्झौता समेतमा आन्तरिक विस्थापितलाई पुनर्स्थापना, कब्जा गरिएका घर सम्पत्ति फिर्ता गरिने प्रतिबद्धता जनाइसकेको अवस्था विद्यमान रहेको छ ।

## आन्तरिक विस्थापित व्यक्तिहरूले प्राप्त गर्नु पर्ने अधिकारहरू:

### विस्थापनबाट संरक्षणको अधिकार

सशस्त्र द्वन्द्व र प्राकृतिक प्रकोपहरू बाहेक विकास निर्माण परियोजनाका कारण विस्थापित गर्नुपर्ने सिर्जना भएमा सम्बन्धित निकाय तथा राज्यको जिम्मेवार निकायले निम्न लिखित संरक्षण कार्य गर्नु पर्ने हुन्छ ।

- विस्थापन हुने अवस्था सिर्जना हुन गएमा राज्यको जिम्मेबार निकायले आवश्क वैकल्पिक उपायबाट आवासको व्यवस्था मिलाउनु पर्नेछ, यस अवस्थामा सुरक्षा, स्वास्थ, पोषणयुक्तखाना, सरसफाईलाई विशेष ध्यान दिनु र परिवारका सदस्यहरूलाई अलग हुनबाट संरक्षणप्रदान गर्नु पर्ने छ ।

- विस्थापित हुने व्यक्तिहरूलाई उनीहरूको विस्थापनका कारण र प्रक्रियाहरूका विषयमा पूर्ण सुचनाको प्रदान गर्नु, पर्याप्त क्षतिपुर्ति साथै आवश्यक पुनःस्थापनाका लागि पर्याप्त उपाय अवलम्बन गर्नु पर्दछ ।

● आदिवासी जनता, अल्पसंख्यकहरू, किसानहरू, गाउँलेहरू र अन्य समूहहरू जसको विशेष निर्भरता भूमिसँग जोडिएको हुन्छ, त्यस्ता व्यक्तिहरूलाई विस्थापित गराइनु हुदैन ।

## विस्थापनको समयमा प्राप्त गर्नु पर्ने संरक्षणको अधिकार



हरेक मानिसको नैसर्गिक अधिकार हुन्छ, जुन कानुनबाट संरक्षित भएको हुन्छ भने आन्तरिक रुपमा विस्थापित व्यक्ति पनि देशको नागरिक सरह हरेक हक अधिकारको उपयोग लगायत कानुनी संरक्षणका हकदार हुन्छन् । सशस्त्र द्वन्द्व, मानवअधिकार उल्लङ्घन, सामान्य हिंसा र प्राकृतिक प्रकोपका कारण आफ्नो भैरहेका वासस्थान छोडनु पर्ने बाध्यात्मक अवस्था सिर्जना भै आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरूलाई संरक्षण प्रदान गर्नु राज्यको जिम्मेवारी हो । जस अन्तर्गतः

● आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूले बलजफ्ती बेपत्ता, अपहरण, गैरकानुनी थुना, धम्की, हत्या र स्वच्छाचारी मृत्युबाट संरक्षण प्रदान गर्नु पर्दछ ।

● बलात्कार, अङ्गभङ्ग, यातना, क्रुर, दासता, बेचविखन, यौनशोषण, बालश्रम जस्ता अमानवीय अथवा अमर्यादित क्रियाकलापबाट संरक्षण प्रदान गर्नु पर्दछ ।

- आन्तरिक रुपमा विस्थापित व्यक्तिलाई विस्थापित भएकै कारण भेदभावपूर्ण गिरफ्तारी र थुनाबाट संरक्षण गरिनु पर्दछ तथा भेदभावकै आधारमा कुनै पनि हालतमा बन्धकको रुपमा राखिनु हुँदैन ।

- विस्थापित व्यक्तिलाई कुनै क्रुर, अमानवीय तथा अमर्यादित क्रियाकलाप गराइ कुनै सैन्य क्रियाकलापमा सहभागी गराउन हुँदैन तर स्वेच्छाले सैन्य बलमा सामेल हुन चाहेको अवस्थामा भने विस्थापित भएको आधारमा भेदभाव गरिनु हुदैन ।

- विस्थापित व्यक्तिलाई आफ्नो स्वेच्छाले वासस्थान रोज्न पाउने अधिकार हुन्छ, भने कुनै एउटा शिविरमा मात्र सीमित राखिनु हुँदैन ।

- जुनसुकै अवस्थामा पनि राज्यको निकायले आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई अत्यावश्यक खाना एवम् पिउनयोग्य पानी, आधारभुत आश्रय तथा आवास, समुचित लुगाफाटो र अत्यावश्यक चिकित्सा सेवाहरू एवम् सरसफाइ जस्ता आधारभुत कुराहरू सुनिश्चिततताका साथ उपलब्ध गराउनु पर्छ ।

- घाइते अवस्थाका, अपाङ्ग तथा अंगभंग र अशक्त अवस्थाका विस्थापितहरूलाई बिना कुनै ढिलाई तत्काल चिकित्सकीय सेवा उपलब्ध गराउनु पर्दछ ।

- कानुनी संरक्षणको अधिकारबाट सुरक्षित गरिनु पर्दछ । कानुनी अभ्यासको उपभोग तथा अभ्यासका लागि आवश्यक पर्ने राहदानी, व्यक्तिगत पहिचानका लिखतहरू, जन्म एवम् वैवाहिक प्रमाणपत्रजस्ता सम्पूर्ण लिखत जारी गर्नुपर्नेछ ।

- विस्थापितहरूद्वारा छाडिएका, उनीहरूको स्वामित्वमा रहेका वस्तुहरू तथा सम्पत्तिको विनाश र जथाभावी ढङ्गले गैरकानुनी उपयोग वा प्रयोग गर्न दिइनु हुँदैन र तिनीहरूको संरक्षण गरिनु पर्दछ ।

- विस्थापितहरूको सोच, विवेक, धर्म वा विश्वास, विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार, रोजगारीको अवसर र स्वतन्त्र तवरमा संगठित हुन पाउने तथा सामुदायिक गतिविधिमा संलग्न हुन पाउने अधिकार, र मतदानको अधिकारलाई बिना भेदभाव उपभोग गर्न दिइनु पर्दछ ।

- आन्तरिक विस्थापित व्यक्तिहरूलाई विशेष गरी युवा तथा महिलालाई उपयुक्त परिस्थिति निर्माण गरी शिक्षा एवम् तालिम सुविधा उपलब्ध गराइनु पर्दछ भने बालबालिकाले प्राप्त गर्ने शिक्षा प्राथमिक तहमा निशुल्क र अनिवार्य व्यवस्था गरिनु पर्दछ ।

## पुनरागमन, पुनर्वास एवम् पुनर्मिलनको अधिकार

आन्तरिक विस्थापनको प्रभावकारी समाधान नै पुर्नस्थापन, पुर्नवास र पुनर्मिलन हो भने यस प्रक्रियामा उनीहरूको स्वेच्छिक सहभागिता तथा उनीहरूलाई विशेष संरक्षणको आवश्यकता पर्दछ ।



- पुनरागमन, पुर्नवास, पुनर्मिलनको आवश्यक व्यवस्था सम्बन्धित अधिकारीले मिलाउनु पर्ने हुन्छ र यसको योजना तथा व्यवस्थापनमा विस्थापितहरूको पूर्ण सहभागिता  विशेष ध्यान दिनुपर्ने हुन्छ ।

- आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू जो आफ्नो पुरानो घरबासमा फर्किएका छन् तथा राज्यको कुनै  भागमा पुर्नवास गरेका छन् त्यस्ता व्यक्तिहरूलाई भेदभाव

गरिनु हुँदैन र विस्थापनको समयमा उनीहरूले हराएका वा छुटेका सम्पत्ति वा स्वामित्व माथिको हक पुनःस्थापना गराउन हरसम्भव प्रयास गरिनु पर्दछ ।

- आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको पुनरागमन वा पुर्नवास र पुनर्मिलनमा सहयोगार्थ संलग्न अन्तर्राष्ट्रिय मानवीय संस्थाहरू तथा अन्य उपयुक्त निकायहरूलाई सहयोगका लागि द्रुत एवम् सहज पहुँचको आवश्यक वातावरण मिलाउनु पर्दछ ।

# विस्थापितहरूको अधिकार संरक्षण र सम्वर्द्धनमा बिभिन्न निकायको दायित्व

## राज्यको दायित्व

मानवअधिकारका मान्य सिद्धान्तहरू तथा दस्तावेजहरूको पक्षराष्ट्र भएको आधारमा नेपाल सरकारले विस्थापितहरूको क्षेत्रमा निम्न लिखित कार्यहरू गर्नु पर्दछ ।

- विस्थापितहरूको वास्तविक समस्या पहिचान गर्ने, समाधान गर्ने, मानवीय सहायता प्रदान गर्ने र आपत्कालीन उद्वार गर्ने सम्बन्धी कार्यहरू साथै दीर्घकालीन रुपमा आन्तरिक विस्थापितको समस्यालाई समाधान गर्ने तर्फ नीति, योजना र कार्यक्रमहरू ल्याइनुपर्ने,

- योजनावद्ध रुपमा कानुनी र नीतिगत तहमा समेत प्रभावकारी कार्यक्रमहरू तथा वजेट विनियोजन गर्नुपर्ने,

- विस्थापितहरूको समस्या समाधानको लागि योजनावद्ध कानुनी तथा नीतिगत रुपमा नै बजेट तथा प्रभावकारी कार्यक्रमहरू तर्जुमा गर्नुपर्ने, जसले गर्दा दीर्घकालीन रुपमा विस्थापितहरूको समस्या समाधान हुन सकोस्,

- बजेट विनियोजन र निर्धारित कार्यक्रमहरू लक्षित वर्गसम्म पुग्न सकेको वा नसकेको सम्बन्धमा प्रभावकारी अनुगमन तथा मूल्यांकन संयन्त्र निर्माण गर्नुपर्ने,

## गैरसरकारी सङ्घसंस्थाको दायित्व

विस्थापित व्यक्तिहरूलाई मानवीय सहायता तथा सुरक्षा प्रदान गर्ने प्राथमिक जिम्मेवारी सरकारी निकायको हो भने यो दायित्व कार्यान्वयन गर्ने क्रममा बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूको प्रमुख भूमिका रहेको हुन्छ । यस्ता निकायहरू पनि निम्न सहायताहरू गर्न सक्दछन् ।

- आपतकालीन राहत सामग्रीको आवश्यकता पहिचान गरी बिना भेदभाव त्यस्ता मानवीय सहयोगहरू उपलब्ध गराउने,



- विस्थापितको विषय मानवअधिकार विरुद्धको कार्य हो भन्ने विषयमा दरिलो वकालत गर्ने,
- विस्थापित व्यक्तिहरूले अन्य नागरिक सरह समान अधिकार पाउँछन् भन्ने जनचेतना फैलाउने,
- तत्काल आवासका लागि के-कस्तो उपाय अवलम्बन गर्नुपर्दछ भन्ने विषयमा ठोस अनुसन्धान र राय सार्वजनिक गर्ने,

**पीडित स्वयम्को दायित्व**



- पीडित स्वयम्ले सम्बन्धीत सङ्घसंस्था र स्थानीय निकाय समक्ष आफु विस्थापित भएको विषयमा जानकारी गराउने, सम्बन्धित निकायहरूसँग समन्वय गरी मानवीय सहयोग प्राप्त गर्ने ।

# नेपाल सरकारबाट भएका प्रयासहरू

**गणेशमान सिंह शान्ति अभियान**

- २०५६ साल असोज ३ गते नेपाल सरकारले गणेशमान सिंह शान्ति अभियान कार्यक्रम मार्फत विस्थापित भएका व्यक्तिहरूलाई केन्द्रित गरी कार्यक्रम ल्याएको थियो । उक्त कार्यक्रम अनुसार विस्थापित भएका व्यक्तिहरूलाई जीविका भत्ता प्रतिदिन रु १००।- र अस्थायी आश्रयस्थलमा जानका लागि आवश्यक बाटोखर्च उपलब्ध गराउने घोषणा गरेको थियो । उक्त अभियानमा विस्थापितहरूलाई घर फर्कने वातावरण मिलाउने आर्थिक, स्वास्थ्य सुविधा, शिक्षा, रोजगारी तथा व्यवसाय उपलब्ध गराउने भनिएको थियो । विस्थापितहरूलाई सेवा सुविधा दिनका लागि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एक समिति समेत गठन गरिने व्यवस्था थियो ।

- २०५८ सालमा नेपाल सरकारले विस्थापित व्यक्तिहरूलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा पुनः गणेशमान सिंह शान्ति अभियान कार्यक्रम

सञ्चालन गरेको थियो । सो कार्यक्रम अनुसार विस्थापित व्यक्तिहरू नेकपा माओवादीको धम्कीका कारण आफ्नो गाउँघर त्याग्न बाध्य भएका हुन् होइनन् ? सो कुरा एकिन गरिसकेपछि मात्र सम्बन्धित



जिल्ला प्रशासनकार्यालय मार्फत आर्थिक सहयोग उपलब्ध गराउने भनिएको थियो ।

## कार्यदल गठन

- विस्थापितहरूको समस्या समाधान गर्नका लागि २०६१ साल साउनमा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा  एक कार्यदल गठन भएको थियो ।

## द्वन्द्व पीडितहरूका लागि बिशेष कार्यक्रम

- नेपाल सरकारले २०६१ साल असोज महिनामा गणेशमान सिंह शान्ति अभियानका सट्टा द्वन्द्व पीडितहरूका लागि केन्द्रित गरी नयाँ राहत कार्यक्रम घोषणा गरेको थियो । यस कार्यक्रमले विस्थापितहरूलाई गणेशमान सिंह शान्ति अभियान अर्न्तगत दिइदैं आएको रु. १०० भत्ता कटौती गरी यसको सट्टा विस्थापितहरूलाई आफ्नो घरजग्गा भएकै जिल्ला सदरमुकाममा तालिम सञ्चालन गरी उक्त तालिममा सहभागी गराउने र तालिमबाट सिकेको सीप प्रयोग गरी आयआर्जन गर्न ऋण उपलब्ध गराउने कुरा उल्लेख छ ।

## शान्ति तथा पुनर्निमाण मन्त्रालयको गठन

- शान्ति सचिवालयलाई खारेज गरी साविक शान्ति सचिवालले सम्पादन गर्दै आएको सम्पूर्ण कामहरुको अतिरिक्त द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको

पुनर्निर्माण, द्वन्द्व पीडित व्यक्तिहरुको राहत र पुनस्थापन, सत्य निरुपण तथा मेलमिलाप आयोग, उच्चस्तरीय अनुगमन समिति, विद्रोही पक्षको लडाकुहरुको शिविर व्यवस्थापन आदि थप काम, कर्तव्य र



अधिकार समेत तोकि नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६३।१२।१८ को निर्णयबाट शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना गरेको छ ।

## द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा भौतिक सम्पदाको लगत संकलन कार्यदल गठन

- द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा भौतिक सम्पदाको लगत संकलन गरि क्षतिपूर्तिको लागि शान्ति मन्त्री समक्ष सिफारिस गर्ने जिम्मेवारी सहीत २०६४ जेठ २६ मा यस कार्यदलको गठन गरिएको छ ।

## सात राजनीतिक दलका शीर्ष नेताहरूबीच भएको २३ बुँदे सहमतीपत्र (२०६४ पौष ८)

- बुँदा नं. ९ "सशस्त्र द्वन्द्वका क्रममा हालसम्म माओवादीद्वारा कब्जा गरिएका नीजि तथा सार्वजनिक घर जग्गा जमीनहरू एक महिना भित्रमा सम्बन्धित व्यक्तिहरू तथा निकायहरूलाई फिर्ता गरिसक्ने् यो सहमतीलाई जिल्लामा कार्यान्वयनका लागि प्र.जि.अ. को अध्यक्षतामा एउटा संयन्त्र बनाउने । विस्थापितहरूलाई आफ्नो घर जग्गामा पुनः स्थापना गराउने ।"

## दशौं योजना (२०५९-०६४)

- दशौं योजनाको अध्याय २७ मा लक्षित कार्यक्रमहरू शीर्षक अन्तर्गत "देशमा व्याप्त हिंसा एवम् अशान्त वातावरणबाट प्रभावित र विस्थापित घरपरिवाहरूलाई पनि सामान्य जीवनयापन गर्न पुनर्स्थापन एवम् आय आर्जनका कार्यक्रमहरू विस्तार गरिने" कुरा उल्लेख गरेको पाइन्छ।



- त्यसैगरी क्षेत्रगत लक्षित कार्यक्रम अनुसार दैवी प्रकोप बिशेष गरेर बाढी पहिरोको सम्भावनाको दृष्टिले अप्ठेरोमा परेका क्षेत्रहरूमा समेत लक्षित कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ।

- भौगोलिक क्षेत्रगत कार्यक्रम शीर्षक अन्तर्गत प्राकृतिक प्रकोपबाट समय समयमा लक्षित वर्गहरू प्रभावित हुनुका साथै ऋणमा समेत डुब्ने हुँदा त्यस्ता क्षेत्रहरूको सुधार गर्ने काम लक्षित कार्यक्रमहरूको परिधिभित्र पारिएका छन्। बाढी पहिरोबाट समय समयमा प्रभावित भैरहने र साधारणतया गरिबहरूको स्वामित्वमा रहेका जमिन पर्ने क्षेत्रहरूमा प्राथमिकता दिई बाढी पहिरो र नदी रोकथाम जस्ता कार्यक्रमहरू अगाडि बढाइने कुरा उल्लेख छ।

- गरिव लक्षित वर्गका लागि गरिने कार्यक्रमहरूको नियमित अनुगमनका लागि राष्ट्रिय योजना आयोगमा अनुगमन एकाइ स्थापना गरिएको छ। साथै योजना अवधिभित्र गरिवी निवारण कोषले लक्षित कार्यक्रमका लागि बहुकेन्द्रित संस्थाहरू मार्फत वित्तीय सहयोग गर्ने त्यस्को समुचित अनुगमन गर्ने कुरा उल्लेख छ।

## आ.व. २०६३-०६४ को बजेट

- आर्थिक वर्ष २०६३-६४ को बजेट वक्तव्यमा निजी क्षेत्रको विकास र औद्योगिक पुनरुत्थान शीर्षक अनुसार द्वन्द्वबाट प्रभावित ऋणीहरूको पुनरुत्थान गर्न वाणिज्य एवम् विकास बैंकहरूबाट ५० हजारसम्म कर्जा लिएका ऋणीहरूलाई सावाँ र व्याजको ५० प्रतिशतसम्म व्याज भुक्तान गरेमा बाँकी व्याज मिनाहा दिइने व्यवस्था गरिएको छ । यसैगरी रु. ५० हजारदेखि ५ लाखसम्म ऋण लिएका ऋणीहरूलाई बक्यौता कर्जा बराबरको ब्याज जम्मा गरेमा बाँकी ब्याज मिनाहा गर्नेव्यवस्था गरिनेछ । यसबाट बाणिज्य एवम् विकास बैंकका करिब ४ लाख ३२ हजार ऋणीहरू लाभान्वित हुनेछन् भन्ने उल्लेख छ ।

- यसैगरी राहत पुनर्स्थापना र पुनर्निर्माण कार्यक्रम शीर्षक अनुसार द्वन्द्वबाट विस्थापित परिवारलाई आ-आफ्नो स्थानमा फर्कने व्यवस्था र भत्किएका संरचनाहरूको पुनर्निर्माणको कार्यलाई उच्च प्राथमिकता दिँदै आन्तरिक स्रोतका अतिरिक्त वैदेशिक सहयोग समेत परिचालन गरिने उल्लेख गरिएको छ ।

- द्वन्द्वबाट विस्थापितहरूलाई सामान्य जीवनयापनमा फर्कनका लागि तत्काल राहत र आयआर्जनका काम शुरु गर्न प्रति परिवार रु. ५ हजार एकमुष्ट अनुदान सहयोग उपलब्ध गराइने र यसका अतिरिक्त प्रति परिवार रु. १० हजारसम्मको कृषि कर्जा उपलब्ध गराइ आगामि वर्षका लागि व्याजमा ४ प्रतिशत अनुदान दिने व्यवस्था गरिएको बजेटमा उल्लेख गरिएको छ ।

## आ.व. ६५/६६ को बजेट

- ६५/६६ को बजेट बक्तव्यमा द्वन्द्व प्रभावितलाई राहत क्षतिपूर्ति शिर्षकमा सशस्त्र द्वन्द्वका कारणले आन्तरिक रुपमा विस्थापित भएका परिवारका लागि सहजीवन बस्ती विकास गर्न १ करोड २० लाख छुट्ट्याइएको छ ।

# आन्तरिक विस्थापितहरूको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको कार्य

राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकार आयोग ऐन, २०५७ द्वारा स्थापित स्वतन्त्र र स्वायत्त राष्ट्रिय संस्था हो । हाल नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम यस आयोगलाई संवैधानिक मान्यता प्रदान गरिएको छ । आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको मानवअधिकारको प्रत्याभूतिको लागि कार्य गर्नु आयोगको महत्वपुर्ण जिम्मेवारी रहेको छ। सोही अनुरुप आयोगले आफ्नो स्थापना कालदेखि नै आन्तरिक विस्थापितहरूको विषयलाई प्रमुखताका साथ हेरेको छ ।

आयोगको २००४-२००८ को रणनीतिक योजनामा आन्तरिक विस्थापनलाई पहिलो रणनीतिक उद्देश्यको रुपमा विशेष प्राथमिकता दिएको छ जसमा "आन्तरिक विस्थापन, मानवअधिकार हनन, बेपत्ता सम्बन्धी घटनाहरूको अध्ययन, अनुसन्धान, अभिलेखिकरण गर्नु पर्ने र ती उजुरीहरू उपरको कारवाहीलाई निरन्तरता दिने ।" भनिएको थियो । त्यसै गरी उक्त रणनीतिक योजनाको उद्देश्य ३ मा "खाद्यान्न, स्वास्थ, बसोबास, शिक्षा र व्यवसाय लगायतका आधारभुत अधिकारहरूको विषयमा वकालत गर्दै, नेपालका पिछडिएका क्षेत्रहरूको मानवअधिकार स्थिती सुधारको लागि विशेष ग्राह्यता दिनुपर्ने ।" उल्लेख गरिएको छ ।

यसैगरी रणनीतिक योजना २००८-२०१० अनुसार आयोगको रणनैतिक उद्देश्यहरु निम्नानुसार रहेको छ :

उद्देश्य १: मानव अधिकारको उल्लंघन र दण्डहिनताको अन्त्य गर्नका लागि विधीको शासन, मानव अधिकार संस्कृतिको विकास र शान्ती प्रक्रियालाई सबल बनाउने

- यस अन्तर्गत नेपाल सरकारको आन्तरिक विस्थापन सम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयनको लागि पहल गर्ने तथा यसको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्ने
- नेपाल सरकारले हस्ताक्षर गरेका विभिन्न सम्झौताहरुको कार्यान्वयनको अवस्था बारे प्रतिवेदन प्रकाशन गर्ने
- आन्तरिक विस्थापित व्यक्तिहरु, बेपत्ता र बारुदी सुरूङ्ग का असरहरूको अध्ययन गर्ने

नेपालमा बढ्दै गएको सशस्त्र द्वन्द्वका कारणबाट आन्तरिक विस्थापितहरूको समस्या विकराल बन्दै गएकोले विगत दुई वर्ष देखि आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा विशेष ध्यान दिने उद्देश्यले आयोगको संरक्षण तथा अनुगमन महाशाखामा एक छुट्टै सम्पर्क व्यक्ति (Focal Point) तोकी कार्य गर्दै आएको छ ।

सात राजनीतिक दल र ने.क.पा. माओवादी विच भएको २३ बुँदे सहमतिको बुँदा नं. १० ले सोही सहमतीको बुँदा न. ८ र ९ को कार्यान्वयनको अनुगमनको जिम्मा मानबअधिकार आयोगलाई तोकिए अनुसार आयोगको माननीय सदस्यको संयोजकत्वमा अनुगमन कार्यलाई थप निरन्तरता दिईएको छ ।

आन्तरिक विस्थापितहरूको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले निम्नानुसारका कार्यहरु गर्ने गर्दछ ।

आन्तरिक विस्थापितहरूको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले निम्नानुसारका कार्यहरु गर्ने सक्दछ ।

- बिभिन्न अनुसन्धान, अनुगमन तथा भ्रमणहरूको क्रममा आन्तरिक विस्थापित व्यक्तिहरूलाई मानवअधिकार सम्बन्धी जनचेतना जगाउने तथा

मानवअधिकारप्रति जागरुक बनाउने साथै उनीहरूको क्याम्पहरूको अनुगमन पश्चात सम्बन्धित निकायलाई आवश्यक सिफारिस गर्ने,

- मानवअधिकारसँग सम्बन्धित बिभिन्न सङ्घसंस्था तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया तथा छलफल गरी आन्तरिक विस्थापन सम्बन्धमा तथ्याङ्क संकलन गर्ने,

- प्रेश विज्ञप्ति, पत्रकार सम्मेलन, ई बुलेटिन र वेभसाइट मार्फत सूचना प्रवाह गर्ने,

- गम्भीर मानवअधिकार उल्लङ्घनका विषयमा स्वविवेकमा उजुरी ग्रहण गर्ने र अध्ययन तथा अनुसन्धान गर्ने साथै मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित पक्षहरूलाई प्रेश-विज्ञप्ती तथा छलफलका माध्यमबाट  दवाव सिर्जना गर्ने,

- मानवअधिकारको क्षेत्रमा कार्यरत बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग आन्तरिक विस्थापितहरूको अधिकारको सम्बन्धमा कार्य गर्न समन्वय, सहकार्य तथा प्रोत्साहन गर्ने,

- आन्तरिक विस्थापितहरूको अधिकारको क्षेत्रमा कार्य गर्ने सरकारी निकायहरूको कार्य अनुगमन गरी प्रतिवेदनहरू तयार गर्ने र नेपाल सरकारलाई आवश्यक कारवाहीका लागि सुझावसहित सिफारिस पठाउने,

- आन्तरिक विस्थापित व्यक्तिहरूको अधिकार र संयुक्त राष्ट्रसंघीय आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरूको प्रचारप्रसार गर्ने ।